गौमुखी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पुजा, प्युठान लुम्बिनी प्रदेश नेपाल

# TOR of Gaumukhi Muncipality health section puja pyuthan lumbini province Nepal. ( गौमुखी गाउँपालिका स्वास्थ्य शाखा पुजा प्युठान लुम्बिनी प्रदेश नेपाल को कार्य विवरण )

संक्षिप्तमा गौमुखी गाउँपालिका स्वास्थ्य शाखाले आ व २०८०।२०८१ मा गर्नु पर्ने कामको विवरण निम्न वमोजिम रहेका छन।

- यस आ व २०८०।२०८१को प्राप्त स्विकृत संघिय सशर्त तथा गाउँपालिका अनुदान कार्यक्रम कार्यन्वयन मार्गदर्शन बमोजिम तोकियको समयमै कार्यक्रम सम्पन्न गर्ने।
- यस गौमुखी गाउँपालिकामा ७ वटा वडा छन। यहाँ साविकका ५१ वटा वडाहरु समावेश छन। गौमुखी गाउँपालिका अन्तरगत ६ वटा स्वास्थ्य चौकि र १ आधारभुत स्वास्थय सेवा केन्द्र ८ वटा सामुदायिक स्वास्थ्य इकाई गरी जम्मा १५ वटा स्वास्थ्य संस्थाहरु छन। ७ वटा स्वास्थ्य संस्थाहरुको बर्थिङ सेन्टरबाट २४ घन्टा सुरक्षित प्रसुति सेवा सन्चालन हुनेछ। ५१ वटा आमा समुह २८ वटा खोप क्लिनिक १७ वटा गाउँ घर क्लिनिक बाट विभिन्न स्वास्थ्य सेवाहरु नियमित प्रदान गरिने छ।
- स्थापित स्वास्थ्य संस्थाको स्तर अनुसार स्थायि तथा निर्धारण गरिय बमोजिम करार स्वास्थ्यकर्मिको माग गर्ने त्यसै गरी स्वास्थ्य संस्था ब्यबस्थापन समितिको सिफारिस ,स्वयं स्वास्थ्यकर्मिको आवेदन बमोजिम गाउँकार्यपालिकको निर्णय अनुसार श्रावण महिना र पौष महिना गरि ६-६ महिनामा म्याद थप गर्ने।
- गौमुखी गाउँपालिका अन्तरगतका ८ वटा स्वास्थ्य संस्था आ स्वा से के अर्खा ,अर्खा स्वा चौकी ,रजवारा स्वा चौकि , सामुदायिक स्वा इकाई मस्टथाना, पुजा स्वा चौकी , लिवाङ स्वास्थ्य चौकी, नारिकोट स्वास्थ्य चौकि र खुङ स्वास्थ्य चौकीको सहभागितामा महिनाको ७ गते मासिक समिक्षा गर्ने , eLMIS र DHIS2 System मा प्रतिबेदन गर्ने।
- यस आ व को पहिलो चौमासिकमा सुची दर्ता आव्हान गर्ने , दर रेट माग गर्ने र बिभिन्न खरिदकार्यक्रमको बोलपत्र वा टेन्डर खुलाइ खरिद प्रकृयाको सुरुवात गर्ने ।अत्याबश्यक सेवा सुचारु गर्नु परेमा कोटेशन वा एक लाख भन्दा कम रकमको खरिद प्रकृया स्विकृत गरि सेवा सुचारु गर्ने।
- अन्य ७ वटा सामुदायिक स्वास्थ्य इकाईहरु खलाचौर सामुदायिक स्वास्थ्य इकाइ, वाग्लिवाङ सामुदायिक स्वास्थ्य इकाई , ठुलाचौर सामुदायिक स्वास्थ्य इकाइ , जुरढुङ्गा सामुदायिक स्वास्थ्य इकाइ , ढाँडखानि सामुदायिक स्वास्थ्य इकाइ, खुङ खाल सामुदायिक स्वास्थ्य इकाई र लामिबगर सामुदियिक स्वास्थ्य इकाइ रजवाराले आ-आफ्नो वडाको माउँ संस्थामा हरेक महिनाको ३ गते समिक्षा गरि प्रतिवेदन कम्पाइल गरिने छ।
- स्वास्थ्य संस्थाहरुले कार्यालय निर्धारित समय दिनहरु वाहेक पनि गाउँघर क्लिनिक ,खोप क्लिनिक ,विभिन्न अभियानका कार्यहरु सनिवार तथा सार्वजानिक विदाको दिनमा समेत सेवा प्रदान गरिन्छ।
- हरेक महिनामा ५१ वटा आमासमुहरु कृयशिल रहने छन। हरेक समुहले मासिक वैठक बस्ने र स्वास्थ्य सम्बन्धि विषयमा छलफल गर्ने। बैठकमा फिल्ड स्वास्थ्य कार्यकर्ताको नियमित सहभागि हुन पर्नेछ।
- दिगो बिकास लक्षलाइ पुरा गरि समृद्ध गाउँ वनाउन विभन्न रोगको रोकथाम रोगको उपचार स्वास्थ्य अभियान अन्य सचेतनाका कार्यहरु सबै महिना संचालन हुने गर्दछ।
- स्वास्थ्य संस्थाको प्रगति सम्बन्धि समिक्षा गर्दै लक्ष पुरा नभएका कार्यक्रम माथि थप योजना बनाउन सहयोग पुग्ने हुदा क्षय रोग र पोषण कार्यक्रमको छुट्टाछुट्टै समिक्षा गरिनेछ।
- सम्पुर्ण स्वास्थ्य संस्थाहरुको त्रैमासिक प्रतिवेदनको आधारमा औषधि सामाग्रिहरु नियमित पुर्ति गर्ने तथा मागको आधारमा समेत दिने ब्यबस्था भएको छ।
- हरेक महिनामा स्टाफ मिटिङ, स्वास्थ्य ब्य स बैठक ,म स्वा स्व से बैठक संचालन हुने गर्दछ भने संस्थाहरुको सामाजिक लेखा परिक्षण, आर्थिक लेखा परिक्षण,निति निर्देशनको पालना , सार्वजानिक सुनुवाइ जस्ता कार्यबाट असल प्रशासनको शुनिश्चितता तथा निरन्तरता दिइने छ र हुने छ।

- RRT/CRRT को समिक्षा गर्ने र हुन सक्ने विपदको पुर्व तयारिमा रहने ,निर्णय गर्ने र कार्यन्वयन गर्ने ।
- विभिन्न माहामारि रोगको रोकथाम तथा ब्यबस्थापन का लागि आबश्यक सामाग्रि जनशत्ति ब्यबस्थापन ,परिचालन गर्ने। एबम प्रेषण गर्ने ।
- स्तन पान सप्ताह, म स्वा स्व से दिवश , पोषण सप्ताह , खोप महिना , परिवार नियोजन दिवश तथा अन्य स्वास्थ्य सम्बन्धि दिवश मनाउने कार्य निरन्तर गरिने छ ।
- विभिनन्न तालिम कार्यक्रम माग , स्वा संस्थाको गुणस्तर सुधारको लागि तथ्याङक विश्लेश ,औषधिको समुचित प्रयोग सम्बन्धि कार्यक्रम , विद्यालय स्वा शिक्षा ,पोषिलो खाना प्रदर्शन,गर्भवति भेला,श्रीमा श्रमती भेला , सुत्केरि प्रोत्साहन र पुर्णतया संसथागत सुत्केरि भएका वडा घोषणा जस्ता कार्यलाइ प्राथामिकता र हरेक महिना निरन्तर गरिरहने ।
- संस्थामा संचालित कार्यक्रमको अभिलेखिकरण , प्रतिवेदन गर्ने । सुधार गर्नु पर्ने कुरा हरुमाथि छलफल , समिक्षा ,निर्णय र कार्यनवयन निरन्तर चलिरहने ।
- समुदाय स्तरमा निशुल्क स्वास्थ्य शिविर संचालन गरि बिभिन्न रोगको स्क्रीनिङ पहिचान उपचार र प्रेषण गर्ने कार्य गरिने छ ।
- पाठेघरको मुखको क्यान्सर परिक्षण(VIA Test) ,पाठेघर खसेको जाँच स्क्रिनिङ उपचार प्रेषण ,परिवार नियोजन सेटलाइट क्लिनिक र विभिन्न कार्यक्रमको अनुसिक्षण र अनुगमन कार्य हरेक वडा तहमा बजेट उपलब्ध भएसम्म अर्ध बार्षिक रुपमा संचालन गर्ने ।
- बिभिन्न सहयोगि निकाय संग समन्वय गरि स्वास्थ्यका सुचक बृद्वि गर्न कार्यक्रमहरु गर्ने ।
- प्रदेश सरकार द्वारा स्थापित नागरिक आरोग्य केन्द्र संचालनको लागि आवश्यक औषधि तथा कार्यालय संचालन घरभाडाको ब्यबस्थापनमा सहयोग गरिने छ ।
- नरेन्द्र गायत्री आँखा उपचार केन्द्र द्वारा गौमुखी ५ मा स्थापित आखाँ उपचार केन्द्र संचालनको लागि २०७९ ।११।१७मा भएको संझौता बमोजिम ब्यबस्थापनमा सहयोग गर्ने ।
- गौमुखी गाउँपालिका द्वारा खरिद भएको एम्बुलेन्स संचालन कार्यबिधि अन्तिम रुप दिइ संचालन गर्न स्वास्थ्य चौकी पुजा द्वारा संचालन गर्ने र त्यसको निगरानी अनुगमन गर्ने ।
- लक्षित बर्गका नागरिकहरुलाई निशुल्क स्वास्थ्य विमा कार्यक्रम निर्धारित समयमा नविकरण गरिनेछ साथै छुट भएका हरुको विमा सेवा प्रारम्भ गरिनेकार्य निरनतर हुनेछ ।

| | |
|---|---|
| उपरोक्त कार्य विवरण मेरो पदिय उत्तरदायित्व भित्र पर्ने भएकोले आफु र आफु मातहत कर्मचारीबाट कार्य जिम्मेवारी प्रभावकारी रुपमा कार्यन्वयन गर्ने प्रतिबद्दता गर्दछु ।<br>कर्मचारीको नामः हरि प्रसाद जैसी<br>पदः स्वास्थ्य शाखा प्रमुख<br>दस्तखतः [signature]<br>मितिः २०८०।०४।१० | उपरोक्त कार्य विवरण अनुसार आफ्नो पदिय उत्तरदायित्व बहन गरि कार्य जिम्मेवारी पुरा गर्नु होला ॥<br>कार्यालय प्रमुखको नामः दुर्गा प्रसाद सुवेदी<br>पदः नि. प्रमुख प्रशासकीय अधिकृत<br>दस्तखतः [signature]<br>मितिः २०८०।०४।१०<br>दुर्गा प्रसाद सुवेदी<br>नि.प्रमुख प्रशासकीय अधिकृत |